# नेपालमा शैक्षिक सुशासन : प्रयासहरू, चुनौती र भावी गन्तव्य

निर्मलादेवी लामिछाने
उपनिर्देशक, विद्यालय शिक्षक किताबखाना,ताहाचल काठमाडौँ ।

**लेखसार (Abstract)**

**शैक्षिक सुशासनले नागरिक सन्तुष्ट शैक्षिक सेवा प्रवाहको बोध गराउँछ । शिक्षामा पहुँच, गुणस्तर, संस्थागत सक्षमता र नागरिक अपेक्षा पूर्ति गर्ने गरी सेवाग्राहीहरूको** *right, choice & voice* **को सम्बोधन गर्न पारदर्शिता, जवाफदेहिता र न्यायसम्मत् तवरले शैक्षिक सेवा प्रदायकहरूले सेवा वितरण गर्दा अपनाउने प्रक्रिया र प्रणालीसँग शैक्षिक सुशासन सम्बन्धित छ । शासन साधारणतया शासन शब्दले शक्तिको अभ्यास (***exercise of power* **) भन्ने बुझाउँछ । शैक्षिक लगानी, प्रक्रिया र आगतबिचको सन्तुलित सहसम्बन्धसँग सुशासन सम्बन्धित छ । यसले सेवा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गर्न शैक्षिक सेवा प्रदायकहरूलाई उत्तरदायित्वप्रति सचेत गराउँछ । छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह, सूचनाको हकको प्रत्याभूति, स्रोत साधनको न्यायपूर्ण वितरण, निर्णय प्रक्रियामा सहभागितामूलक व्यवस्थापन, शिक्षामा लोकतान्त्रीकरण, योग्यता प्रणालीको संरक्षण, सूचनाको पहुँच, शिक्षा ऐन,नियम र कार्यविधिको समुचित उपयोग, नागरिक प्रश्नको सुस्पष्ट जवाफ, सशत्त र सचेत नागरिक समाज, स्वतन्त्र प्रेस, युगीन माग र सर्वाङ्गीण विकास गर्ने पाठ्यक्रम, शिक्षा पाउनु नागरिकको मौलिक अधिकार हो । उपर्युक्त अवस्थाको व्यावहारिक कार्यान्वयन, सुरक्षित शिक्षालय, शिक्षार्थीहरूको मनोसामाजिक व्यवस्थापन, जीवनोपयोगी शिक्षाको प्रत्याभूति, नीतिगत, निहित (***vested***), कार्यविधिगत (***procedural***) भौतिक, आर्थिक, मानवीय स्रोत साधनको नियमितता, मितव्ययितता, कार्यदक्षता, औचित्यता र प्रभावकारिताको मापदण्डभित्र रहेर समुचित सदुपयोग गरी भ्रष्टाचारको नियन्त्रण हुनु शैक्षिक सुशासन हो । शिक्षाको राष्ट्रिय लक्ष्य हासिल गरी आर्थिक समुन्नयनसहितको सामाजिक भलाइ र अन्ततोगत्वा मानव विकास मुखरित शिक्षा प्रणालीको सुदृढीकरण नै शैक्षिक सुशासन हो । अर्को वाक्यमा भन्नुपर्दा सम्यक वचन, सम्यक कर्मसहितको मूल्यमा आधारित शिक्षाको प्रवर्धन गरी सर्वजन हिताय:सर्वजन सुखाय दिइने दिगो, सन्तुलित र सर्वाङ्गीण विकास हुने खालको शैक्षिक पद्धतिको स्वरूप नै शैक्षिक सुशासन हो ।**

## विषय प्रवेश

सुशासन शब्दको शाब्दिक रूपमा विश्लेषण गर्दा शासन भन्ने शब्दमा सु उपसर्ग लागेर (सु+ शासन) "सुशासन" शब्दको निर्माण भएको पाइन्छ । आम नागरिकलाई सेवा पुऱ्याउने सन्दर्भमा असल नियत, कर्मबाट र संयन्त्रबाट स्रोत साधनको कुशलतापूर्ण उपयोग गरी राज्यबाट निर्वाध रूपमा

सेवा प्रदान गर्ने कार्य सुशासन हो । शैक्षिक सुशासनले सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, वैधानिकता, प्रभावकारिता र दक्षता जस्ता विषयमा जोड दिएको पाइन्छ । शिक्षा सम्बन्धी सेवा प्रदायक निकायहरूको कानुनबमोजिम स्थापना, सञ्चालन, नियन्त्रण, नियमन, निर्देशन, समन्वय, स्रोत परिचालन, कानुनको पालना, सहभागितामूलक व्यवस्थापन, उचित व्यक्ति उचित स्थान (right human resource in right place) नै सुशासन हो । अझ खुलस्त रूपमा भन्नुपर्दा शैक्षिक सङ्घ संस्थाहरूको कानुनले तोके अनुरूपको दर्ता तथा सञ्चालन, भौतिक व्यवस्थापन, मनोवैज्ञानिक पक्षको व्यवस्थापन एवम् सुरक्षा र सहयोगात्मक वातावरणसहितको योग्यतामा आधारित शिक्षक व्यवस्थापन, निर्धारित मापदण्ड अनुरूप पाठ्यक्रम विकास र छनोट, क्षमता विकास, मूल्याङ्कन र सुपरीवेक्षण जस्ता पक्ष, व्यावहारिक, कार्यान्वयनयोग्य नीति निर्माण, संस्थागत प्रबन्ध र अन्तर्राष्ट्रिय परिवेश, समकालीन समाज एवम् राष्ट्रिय सक्षमताअनुरूपको शैक्षिक प्रबन्ध मिलाउने कार्य र अपेक्षित नतिजा र प्रभावमाफत राज्यको शैक्षिक लक्ष्य पुरा गराउने सन्दर्भसँग शैक्षिक सुशासन जोडिएको छ । अतः शिक्षा सम्बन्धमा गरिने निर्णय, अधिकार, पहुँच र सहभागिता जस्ता विषयमा गरिने प्रबन्धकीय प्रावधान र उत्तरदायित्व ,जवाफदेहिता र संलग्नताको त्रिकोणीय आयामबाट सन्तुलनकारी नियमन गर्ने कार्य समेत यस अन्तरगत पर्दछ । शैक्षिक सुशासनको पूर्वशर्तको रूपमा **लोकतान्त्रिक शासन प्रणाली** (Democratic governance system ), **विकेन्द्रीकरणच** (Decentralization), **जनसहभागिता** (Public Participation ) , **उत्तरदायित्व** (Accountability), **पारदर्शिता** (Transparency), **कानुनी सर्वोच्चता** (Supermacy of Law) ,**स्वतन्त्र प्रेस**(Free and independent press ), **सक्षम र सशक्त नागरिक समाज** (Capable civil society), **सार्वभौम नागरिक** (Sovereignty vested in people ) **जस्ता विषय** यसमा पर्दछन् ।

शिक्षा मुलुकको सामाजिक, आर्थिक, भौतिक, नैतिक ,असल राजनीतिक संस्कार र मानवीय विकासको आधारशीला हो । विकासको ध्येये मानव विकास हो र यसको साधन एवम् साध्य (Means & Ends) दुवै मानव विकास हो । यसर्थ विकास मानवका खातिर मानवबाट नै हुनुपर्छ । शिक्षाले व्यक्तिगत, सामाजिक, साँस्कृतिक, भौतिक, नैतिक, संवेगात्मक विकास गर्दछ । सामाजिक विकास र आर्थिक रूपान्तरणको आधार शिक्षा हो । शिक्षाले मानवको अन्तरनिहित क्षमताको प्रस्फुटन गराई जैविक मानवलाई सामाजिक मानवको रूपमा रूपान्तरण गर्दछ । अतः राष्ट्रिय विकासको मापन नै मानव विकास हो । हरेक राज्यको विकास त्यहाँको मानव पूँजीबाट निर्मित हुन्छ । प्रसिद्ध अर्थशास्त्री Todaro ले मानव पूँजी नै उत्तम राज्यको लगानीको रूपमा स्वीकारेका छन् । यसै गरी अर्का मानवशास्त्री अमर्त्यसेनले विकासको (Means and Ends) दुवै मानव विकास भएको कुरा इगिंत गरेका छन् । उपरर्यक्त सन्देशबाट शिक्षा नै राज्यको लगानी र विकासको सूचक भएको कुरा प्रष्ट हुन आउछ ।

## नेपालमा शैक्षिक सुशासनका लागि भएका प्रयासहरू

नेपालमा शैक्षिक सुशासनको लागि देहायका उल्लिखित नीतिगत, संस्थागत र कार्यविधिगत व्यवहारहरू अवलम्बन गरिएको छ ।

- नेपालको अन्तरिम संविधान २०६३ मा शिक्षालाई नागरिकको मौलिक अधिकारको रूपमा व्यवस्था

गरिएको ।

- नेपालमा शिक्षा ऐन, नियमावली र क्षेत्रगत नीतिहरूको प्रावधान रहेको एवम् निर्देशिकाहरूको व्यवस्था समेत उल्लेख रहेको ।
- संरचनागत रूपमा भन्नुपर्दा नीति निर्माणको लागि शिक्षा मन्त्रालय, नीति र कार्यक्रम समन्वयको लागि शिक्षा विभाग, क्षमता विकास तालिमको लागि शैक्षिक जनशक्ति विकास केन्द्र, अनौपचारिक शिक्षा सम्बन्धमा अनौपचारिक शिक्षा केन्द, प्राविधिक शिक्षाको लागि नीति निर्माण गर्न प्राविधिक तथा व्यवसायिक तालिम परिषदको व्यवस्था र कार्यक्रम समन्वय र सञ्चालनको लागि प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र त्यस्तै परीक्षा नियन्त्रण कार्यालय, कार्यक्रम कार्यान्वयनको लागि जिल्ला शिक्षा कार्यालयहरू र विद्यालयहरू, व्यवसायिक तथा तालिम प्रदायक निकायहरू साथै अन्य स्वायत्त निकायहरू र उच्च शिक्षा प्रदायक निकायहरू पनि रहेका ।
- नीति, कार्यक्रम र कार्यान्वयनको लागि सहभागितात्मक पद्धतिको आरम्भ गरिएको छ । जस्तै सरोकारवलाहरूको बिचमा अन्तरक्रिया, छलफल, कार्यशाला, गोष्ठी साथै कार्यदल, समिति र विशेष अध्ययन टोली आदिको व्यवस्था गरिएको ।
- कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि (process) र कार्य शर्तहरू (TOR) तोकिएको छ ।
- आर्थिक र कार्यविधिगत नियमनका लागि प्रगति - प्रतिवेदन, सामाजिक परीक्षण, लेखा परीक्षण -आन्तरिक र अन्तिम), सार्वजनिक सुनुवाई, तेश्रो पक्षबाट अनुगमन मूल्याङ्कन, प्रेस तथा मिडियाको उपयोग गरिएको ।
- क्षेत्रगत नीति, कार्यक्रम, बजेट र कार्यान्वयन संयन्त्र माफत्सुशासनको कार्य प्रक्रिया अवलम्बन गरिएको ।
- शैक्षिक नीति, योजना चक्र र कार्यक्रम कार्यान्यिवन सम्बन्धमा समावेशिता (Inclusiveness ) अवलम्बन गरिएको ।
- जवाफदेहिताको लागि सम्बन्धित सुपरिवेक्षक, नागरिक अनुगमन संयन्त्र, कार्य प्रक्रिया मानक तोकिएको ।
- पारदर्शिताको मापन गर्ने आधारहरू उल्लेख गरिएको । कामको गुणस्तर (quality) परिमाण (quantity) समय (Time) र लागत (Cost) प्रक्रिया (Process) प्रतिफल (Outcome) र प्रभाव (Effect) को आधारमा सूचना प्राप्त गर्ने एवम् मूल्याङ्कन गर्ने परिपाटीको थालनी गरिएको ।
- सेवा प्रदायक निकायमा नागरिक बडापत्र लागु गरिएको । ६ ओटा कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र लागु गरिएको ।
- उजुरी पेटिका, गुनासो सुनुवाइको व्यवस्थापन र कानूनि उपचारको लागि नीतिगत ,संस्थागत र प्रक्रियागत व्यवस्था तोकिएको ।
- शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धमा रणनैतिक कार्यान्वयन प्रक्रिया आरम्भ गरिएको ।
- शैक्षिक सुशासनको क्षेत्रमा संलग्न सरोकारवलाहरूको लागि काम, कर्तव्य, अधिकार, जिम्बेवारी

शर्त, आचारसंहिता र नैतिक दायित्वसम्बन्धी औपचारिक र अनौपचारिक प्रावधानहरू विद्यमान रहेका ।

- अध्ययन, अनुसन्धान र प्रतिवेदन प्रणाली माफत् सुधारको दिशा निर्देश गरिएको ।
- शैक्षिक सुशासन कै परिणामस्वरूप हाल नेपालमा ६७ प्रतिशत साक्षरतादर पुगेको, ३४,७०० विद्यालयहरू रहेको, ३५०० भन्दा बढी व्यवसायिक एवम् प्राविधिक तालिम प्रदायक निकायहरू रहेको ।
- औपचारिक एवम् अनौपचारिक शैक्षिक प्रणालीबाट नागरिकहरूको शैक्षिक चेतनाको स्तर बढेको । स्वदेश एवम् विदेशमा विविध क्षेत्रमा आवश्यक पर्ने जनशक्ति आपूर्ति गरी रोजगारको अवसरमा बढोत्तरी भएको ।
- नागरिक समाजको सशक्तीकरण भएको तथा शैक्षिक सुशासनको लागि दबाब समूहको विकास भएको ।
- राज्यको आर्थिक, सामाजिक, नैतिक, राजनीतिक उद्देश्य सम्बोधन गर्न शिक्षा क्षेत्रले उल्लेख्य योगदान पुर्‍याएको ।

**नेपालको सन्दर्भमा शैक्षिक सुशासन कायम गर्ने सन्दर्भमा देखिएका चुनौतीहरू**

- शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरिएको सन्दर्भमा नीति तथा कार्यक्रमहरू अपेक्षित रूपमा समय सान्दर्भिक नभएको, नीतिको प्रभाव, दिगोपना र कार्यान्वयनशीलताको सन्दर्भमा फितलोपना देखिएको । नागरिक अभिमतको नीतिमा अपेक्षित प्रत्यावर्तन हुन नसकेको ।
- राज्यको समकालीन माग र नागरिक अपेक्षा अनुरूप शिक्षा सम्बन्धमा गुणस्तर मानक मानवस्रोत व्यवस्थापन लगायत अन्य स्रोत व्यवस्थापनमा संरचनात्मक र प्रकार्यात्मक पुनर्संरचना हुन नसकेको ।
- विद्यमान ऐन, कानुन र नीतिमा अस्पष्टता एवम् दोहोरोपना रहेको , एकीकृत शिक्षा ऐनको अभाव रहेको ।
- समकालीन माग र आवश्यकतालाई पाठ्यक्रमले सम्बोधन गर्न नसकेको पाठ्यपुस्तक, शिक्षक निर्देशिका र पाठ्यक्रम समयमा सहज पहुँच नभएको ।
- शिक्षाको सबै तह (बाल शिक्षादेखि उच्च शिक्षासम्म) मा पहुँच, गुणस्तरीयता, संस्थागत सुदृढीकरण र समय सापेक्षीकरण सन्तोषप्रद नदेखिएको ।
- सङ्ख्यात्मक विकाससँगै गुणात्मकता कायम गर्न नसकेको । नागरिक अपेक्षा पूर्णत सम्बोधन गर्न नसकेको ।
- नीति, कार्यक्रम र बजेट व्यवस्थापन एवम् प्रभाव मूल्याङ्कन र सामाजिक लाभ वितरण लगायतका विषय वस्तुमा अर्थपूर्ण सहभागिताको अभाव रहेको ।
- कार्य प्रक्रिया र मापदण्ड सम्बन्धमा यथार्थताको आँकलन नगरी टालटुले प्रवृत्ति देखिएकाले नागरिक अपेक्षा अनुरूप पारदर्शिता न्यून भएको गुनासो आउने गरेको ।

- विकेन्द्रीकरणको व्यावहारिक कार्यान्वयन - (शक्तिको विकेन्द्रीकरण, अधिकार प्रत्यायोजन, निक्षेपण र नियमन सहितको निजीकरण) र सक्षम स्थानीय सरकारको अभाव रहेको ।
- मौलिक हकको रूपमा स्थापित बाल अधिकार, महिला आधकार सुनिश्चित गर्न अन्तरविधायुक्त -interdisciplinary) विषयको रूपमा शिक्षाले अपेक्षित रूपमा सम्बोधन गर्न नसकेको । बाल हिंसा (child violence) महिला हिंसा (violence of women) नागरिक अधिकारको हनन जस्ता विषय ज्यूँका त्यूँ रहेको ।
- शिक्षाको लगानी प्रभावकारिता (Cost effectiveness) र गुणस्तर सम्बन्धमा विविध तवरबाट प्रश्न उठ्ने गरेको ।
- शिक्षा क्षेत्र राजनीतिबाट अतिक्रमित भन्ने आरोप लाग्ने गरेको र शैक्षिक सुशासन कायम गर्ने दिशामा राजनीतिक रूपमा सर्वदलीय प्रतिबद्धताको अभाव रहेको ।
- शैक्षिक सेवा प्रदायक निकायहरूमा विद्यमान जनशक्तिको क्षमता विकासको अवस्था कमजोर रहेको ।
- नागरिक समाजको अवस्था कमजोर र आशातित रूपमा अधिकारमुखी हुन नसकेको ।
- पाठ्यक्रम, मूल्याङ्कन र परीक्षा प्रणाली सनातनमुखी जस्तो देखिएको ।
- जिम्वेवारी पन्छाउने (Buck passing ) जवाफदेहितामा टालटुले प्रवृत्ति (patching) रहेको ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Educational Management Information System) को जग कमजोर रहेको । नीति, निर्णय, कार्यक्रम र जनशक्ति व्यवस्थापनमा यसको उचित प्रयोग हुन नसकेको ।
- शैक्षिक नतिजा र उपलब्धिलाई पुरस्कार र दण्डसँग आबद्ध गर्न नसकिएको ।
- शैक्षिक क्षेत्रले भ्रष्टाचारको आरोप खेप्ने गरेको ।
- विविध समूहको आवश्यकता र चाहना बमोजिम् विविधता व्यवस्थापन सहित सेवा वितरण हुन नसकेको ।
- स्रोत व्यवस्थापनमा एकरूपता नभएको ।
- सम्पूर्ण नागरिक शिक्षाको लाभग्राही भएको सन्दर्भमा सामूहिकअपनत्त्व र जिम्वेवारीबोध कम रहेको ।
- शैक्षिक प्रणालीलाई समसामयिक र समयानुकुल अद्यावधिक गर्न नसकिएको ।
- राज्यको सामाजिक, आर्थिक, नैतिक, राजनीतिक, भौतिक लक्ष्यलाई आत्मसात गर्ने दिशामा शिक्षाले फड्को मार्न सर्वपक्षीय सहकार्य र रणनीतिको उपयोग गर्न नसकिएको । शान्ति, मूल्यमा आधारित, रोजगारमूलक शिक्षामा आशातित उपलब्धि नभएको ।

**शैक्षिक सुशासनको क्षेत्रमा देखिएका समस्याहरूको समाधानका उपायहरू सम्बन्धमा भावी गन्तव्य**

- शैक्षिक नीतिहरू लोकप्रियसँगै राज्यको पर्यावरण अनुकूल व्यावहारिक (Behavioral) कार्यान्वयनयोग्य (Implimentable, viable & comprehensive) हुनुपर्ने ।

- पाठ्यक्रम समयानुकुल र सान्दर्भिक बनाई  कार्यमूलक र नतिजामुखी बनाइनुपर्ने ।
- विकेन्द्रीकरणचको व्यावहारिक प्रयोग र सक्षम जनप्रतिनिधिमूलक स्थानीय निकायको व्यवस्था गरिनुपर्ने ।
- शैक्षिक क्षेत्रमा कामगर्ने आवश्यक जनशक्ति प्रक्षेपण गर्न र लागु गर्न जनशक्ति व्यवस्थापन (जनशक्ति योजना, भर्ना र छनौट, जनशक्ति विकास, परिचालन, टिकाउ र उपयोग) जस्ता पक्षमा ध्यान दिनुपर्ने  ।
- नेपालको शैक्षिक प्रणाली सम्बन्धमा  बाह्य एवम् आन्तरिक अध्ययन र अनुसन्धानबाट समेत शिक्षासम्बन्धी सबै तहमा कार्यरत मानवस्रोतको क्षमतामा कमी भनी पुष्टि गरिसकेको सन्दर्भमा आवश्यकता पहिचान गरी स्पष्ट कार्ययोजना र ढाँचा सहित सबै तहमा कार्यरत जनशक्तिको क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनुपर्ने ।
- शैक्षिक नीति नियमहरू कार्यान्वयन गर्न अनुकूल  सामाजिक, राजनीतिक एवम् आर्थिक वातावरण कायम गरिनुपर्ने ।
- नतिजामा आधारित अनुगमन एवम् मूल्याङ्कन प्रणालीको उपयोग गरिनुपर्ने ।
- उचित सम्बलन र दण्ड सहितको कार्यसम्पादन मापदण्ड तथा कार्यशर्त तोकिनुपर्ने र नतिजामा आधारित मूल्याङ्कन प्रणालीको प्रयोग गरिनुपर्ने ।
- सेवा प्रवाहमा तटस्थता, वस्तुनिष्ठता र नागरिकको उच्च सम्मान गर्ने परिपाटीको विकास गरिनुपर्ने
- अवस्था विश्लेषण गरी सबै सेवा प्रदायक निकायहरूको संरचनागत र प्रकार्यात्मक (Structural and Functional) पुनर्ढाचा गरिनुपर्ने
- समग्र भौतिक, मनोवैज्ञानिक, सामाजिक र शैक्षिक मानवको गुणात्मकताको लागि गुण ढाँचा (Quality Framework) गुण चक्र (Quality circle) मुख्य समूह (core group) र सञ्चालन समूह (Steering Team) बनाई अध्ययन, विश्लेषण  र सुधारको पक्षमा जोड दिनुपर्ने ।
- राज्यको शैक्षिक सेवा प्रदान गर्ने सन्दर्भमा मतैक्यता र सामूहिक अपनत्व विकास गरी दृढ राजनीतिक इच्छाशक्ति आवश्यक पर्ने ।
- स्रोत साधनको मितव्ययी एवम् कुशलतापूर्वक प्रयोग गरिनुपर्ने ।
- स्रोत साधनको न्यून, अधिक प्रयोग र दुरूपयोग रोकिनुपर्ने र कुशल उपयोग हुनुपर्ने ।
- कार्य सम्पादन प्रक्रिया र मूल्याङ्कनको सन्दर्भमा स्वतन्त्र पक्षबाट मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनुपर्ने ।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त नतिजाको आधारमा कार्य प्रक्रिया अघि बढाउनुपर्ने ।
- नियमित प्रगति प्रतिवेदन, समीक्षा र सुधारका उपायहरू अवलम्बन गरिनुपर्ने ।
- शैक्षिक सेवा प्रदायक निकायहरू बिच समन्वय र सहकार्य साथै सञ्चारको तालमेल र सामूहिक अपनत्व एवम् सामूहिक उत्तरदायित्व बोध  (Common Accountability) हुनुपर्ने ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, वैधानिकता र वस्तुनिष्ठता जस्ता पक्षमा जोड दिनुपर्ने ।

- सेवासँग सरोकार राख्ने विषयमा नागरिक सुनुवाइ (Public hearing) र उचित व्यवस्थापन एवम् प्रत्येक निकायमा गुनासो सुनुवाइ संयन्त्र (Grievances Handling Mechanism) को व्यवस्था गरिनुपर्ने ।
- शिक्षासँग सरोकार राख्ने प्रत्येक व्यक्तिले हृदयमा इमानदारीता, काँधमा जिम्मेवारीपन र मस्तिष्कमा समझदारीपनका साथ अघि बढ्नुपर्ने आवश्यकता रहेको ।

**निष्कर्ष**

शिक्षा मानव विकासको आधार हो । शिक्षाबाट नै शान्त, सभ्य, सुसस्कृत र समुन्नत समाजको निर्माण हुन्छ । शिक्षाले सामाजिक रूपान्तरण सहितको आर्थिक विकासको ढोका खुल्दछ । देशको मानवीय, भौतिक, नैतिक, सामाजिक, आर्थिक, राजनीतिक तथा पर्यावरणीय विकासको आधार शिक्षा हो । यसकारण शैक्षिक सुशासन बहसको विषय हो । शैक्षिक सुशासन सेवाग्राही र सेवा प्रदायक बिचको अन्योन्याश्रित सुसम्बन्ध हो । सन्तुलित विकास र परिवर्तनको संवाहक शिक्षा भएकाले शिक्षाको लगानी, प्रक्रिया, उत्पादन एवम् सामाजिक लाभ वितरण समेतमा समानत, निस्पक्षता, वस्तुनिष्ठता, पारदर्शिता, जवाफदेहिता, न्यायसङ्गत हुनु जरुरी पर्दछ । अतः यस सम्बन्धमा शिक्षामा संलग्न सबै तह र तप्काबाट सकारात्मक सोचका साथै सामूहिक प्रतिबद्धता जरुरी छ ।